# विश्व

**आविष्कार**
भियतनामका तीन विद्यार्थीले विकास गरेको प्रदूषित हावा स्वच्छ पार्ने साइकल। यसले चालकको अगाडिको हावालाई प्रदूषणरहित बनाउने दाबी गरिएको छ।



**रमाइलो**
डचेस अफ क्याम्ब्रिज, केट मिडल्टन एसेक्सको गिलवेल पार्कमा बाल स्काउटले बनाएको पालमा उनीहरूसँग रमाइलो गर्दै।



2019, APRIL
Tuesday
2

## विश्व २ मिनेट

### चीन

#### डढेलोमा परी २४ को मृत्यु

बेइजिङ, (एजेन्सी)

चीनको दक्षिणपश्चिम पान्तको एक जंगलमा लागेको आगोबाट कम्तीमा २४ जना अग्निसमन कर्मचारीको मृत्यु भएको छ। सिचुआन प्रान्तमा लागेको आगो निभाउन गएका ती आगलागी नियन्त्रण कर्मचारीको आगोमै जलेर मृत्यु भएको सञ्चारमाध्यमले जानकारी दिएका छन्। लियाङसान यीको जंगलमा शनिबार भीषण आगलागी भएको चाइना डेलीले जनाएको छ। हावाको दिशा परिवर्तन हुँदा आगो तीव्र गतिमा फैलिएको समाचारमा उल्लेख गरिएको छ। उक्त डढेलो नियन्त्रणका लागि ६ सय ८९ जनालाई खटाइएको स्थानीय अधिकारीहरूले जानकारी दिए।

### दक्षिण कोरिया

#### युद्ध अवशेषको खोजी

सोल, (एजेन्सी)

दक्षिण कोरियाका सेनाले अन्तरकोरियाली सीमामा कोरियाली युद्ध अवशेषको खोजी शुरू गरेको छ। ठूलो संख्यामा सैना तैनाथ रहेको सीमामा भएको यस खोज अभियानमा उत्तर कोरिया सहभागी भएको छैन। यस अभियानमा दक्षिण कोरियाको बारुदी सुरुङ हटाइने र उत्खननको काम थाल्ने दक्षिण कोरियाको रक्षा मन्त्रालयले सोमबार जनाएको छ। दक्षिण र उत्तर कोरियाबीच भएको शान्ति सम्झौतामा युद्ध अवशेष खोज्नेमा पनि सहमति भएको थियो। गतवर्ष दुई देशका नेताबीच भएका शिखर बैठकका क्रममा द्विपक्षीय सम्बन्ध सुधार गर्न विभिन्न कदम उठाएका थिए।

### युक्रेन

#### कमेडियनको जित

किभ, (एजेन्सी)

प्रारम्भिक परिणामले युक्रेनको राष्ट्रपतीय पहिलो चरणको चुनावमा राजनीतिको कुनै अनुभव नै नभएका कमेडियन विजय हासिल गरेको संकेत दिएको छ। आधा मत गणना भइसक्दासम्म टेलिभिजनमा राष्ट्रपतिको भूमिका निभाउने गरेका भोलोदिमिर जेलेन्स्कीले कुल खसेको मतमध्ये ३० र वर्तमान राष्ट्रपति पेट्रो पारोसेन्कोले १६ प्रतिशत मत प्राप्त गरेको निर्वाचन आयोगले जनाएको छ। युरोपेली संघको मतका समर्थक यी दुवै बीच आगामी महिना अर्को चरणको चुनावमा प्रतिस्पर्धा हुने भएको छ। यस चुनावी दौडबाट पूर्वप्रधानमन्त्री युलिया तिमोसेन्को भने बाहिरिने देखिएको छ।

### टर्की

#### स्थानीय चुनाव

इस्तानबुल, (एजेन्सी)

टर्कीको राष्ट्रपति रिसेप तायिप एर्दोगानको पार्टीले स्थानीय चुनावमा राजधानी अंकारमा नियन्त्रण गुमाएको छ। १६ वर्ष सत्तामा रहेका उनलाई यो पहिलो ठूलो झट्का हो। तर, उनको एकेपी र विपक्षी पार्टी दुवैले अर्को सबैभन्दा ठूलो शहर इस्तानबुलमा मेयर पद जितेको दाबी गरेका छन्। राष्ट्रभरि महानगरपालिकाको चुनावमा राष्ट्रपतिको एकेपीको नेतृत्वमा रहेको गठबन्धनले ५१ प्रतिशतभन्दा बढी मत हासिल गरेको छ। यसअघि एर्दोगानले यो चुनाव राष्ट्र र आफ्नो पार्टीको अस्तित्वको सवाल भएको प्रतिक्रिया दिएका थिए।

## किमको हत्या आरोपितलाई कम सजाय!



क्वालालम्पुर, (एजेन्सी)

उत्तर कोरियाली सर्वोच्च नेता किम जोङ उनको सौतनी भाइ किम जोङ नामलाई मलेसियाको क्वालालम्पुर विमानस्थलमा हत्या गरेको अभियोग लगाइएकी भियतनामी महिलालाई यस मुद्दामा दोषी ठहराइए पनि कम सजाय तोकिएको छ। मलेसियाको एक अदालतले सोमबार दोआन थी हुओङलाई सन् २०१७ को फेब्रुअरीमा पक्राउ गरेदेखि गणना गरी ३ वर्ष ४ महिना लामो कारावास सजाय तोकेको छ।

सन् २०१७ मा दिउँसै क्वालालम्पुर विमानस्थलमा किममाथि हुओङ र अर्की एक इन्डोनेसियाली महिला सिती आइस्याहले विषाक्त नर्भ एजेनट भिएक्स प्रयोग गरी हत्या गरेका थिए। हुओङका वकिलले भने मलेसियाको प्रचलित कानुनअनुसार उनलाई मे महिनामै कारगार मुक्त गरिने जनाएका छन्।

यदि हत्याको अभियोगमा दोषी ठहरिएको खण्डमा उनले मृत्युदण्ड भोग्नुपर्थ्यो। अदालती कारबाहीले किमको हत्यामा कोही पनि पूर्णरूपमा जिम्मेवार नरेहेको जनाएको छ। मलेसियको राजधानी क्वालालम्पुरस्थित शाह आलम अदालतमा हुओङका वकिल तेह पोह तेइकले उनी मेको पहिलो साता घर जान सक्ने बताएका छन्।

हुओङकी सौतेनी आमा गुयन थी भीले बीबीसी भियतनामीलाई बताएकी छिन्- 'परिवार निकै खुसी छन्। हामी सरकार, वकिल र समुदायबाट प्राप्त समर्थनका लागि कृतज्ञ छौं।'

मलेसियाको महान्यायधिवक्ताको ठाडो हस्तक्षेपपछि गत महिना सिती आइस्याह कारगारमुक्त भएकी थिइन्। पक्राउ पर्नासाथ तिनीहरूले आफूहरूले टिभी प्रायन्कमा भागलिइरहेको ठानेर किमको अनुहारमा अज्ञात चिज दलेको बताएका थिए।

## जापानमा नयाँ शाही युग 'रेइवा' प्रारम्भ हुने

टोक्यो, (एजेन्सी)

जापानले 'रेइवा' नामक आफ्नो नयाँ सम्राट युग आगामी १ मेदेखि शुरू हुने सोमबार घोषणा गरेको छ। सो युग शान्ति सुरक्षा र सौहार्दताको प्रतीक हुने बताइएको छ। सम्राट अकिहितोले स्वेच्छाले राजगद्दी त्याग गर्नासाथ एक महिनाभित्र अहिलेको हेइसेइ युगको अन्त्य हुँदै छ।

मन्त्रीमण्डलका प्रमुख सचिव योसिहिदे सुगाले व्यग्रताका साथ प्रतिक्षित यस युगको नाम हस्तलिखितरूपमा बोर्डमा अंकित गरिने बताएका छन्। जापानका प्रधानमन्त्री सिन्जो आवेले राष्ट्रको नाममा सम्वोधन गरी आगामी युगको अर्थको बयान गरेका थिए।



प्रत्येक जापानी सम्राटको शासनकाल अर्थात् 'जेन्गो' को आफ्नै छुट्टै नाम हुने गरेको छ। यसलाई वर्षहरू जनाउन पश्चिमी क्यालेनडरसँगै प्रयोग गरिने गरिन्छ। नयाँ युगको नाम दुई वटा शब्द रेइ र वा मिलेर बनेको छ। यसको अर्थ 'कानुन वा आदेश' र 'शान्ति वा सौहार्दता' हो। यसपालि पहिलोपटक चिनियाँ नभई जापानी कविताको पुरानो संग्रह मान्योसुबाट ती शब्द लिइएको आवेले स्पष्ट पारेका छन्।

आवेले पत्रकारलाई भनेका छन्- 'मान्योसु जापानको गहिरो जनसंस्कृति र लामो परम्पराको प्रतीक हो। हाम्रो राष्ट्र ठूलो परिवर्तनको सामना गर्दै छ। तर, थुप्रै जापानी मूल्य र मान्यता पनि ओझेल हुन दिनुहुन्न।'

जापानको आधुनिक इतिहासमा चार वटा शाही युग रहेका छन्। हालको अकिहितोको हेइसेइ युगको अर्थ 'शान्ति हासिल गर्नु' भन्ने हुन्छ। त्यसअघिको सोवा युग (१९२६-१९८९ ) को अर्थ, 'प्रज्वलित सौहार्दता', ताइसो युग (१९१२-१९२६) को अर्थ 'महान् न्याय' र मेइजी जेन्गो 'ज्योतिर्मय शासन' रहेका छन्। सन् २०१७ को डिसेम्बरमा जापानको सरकारले बुद्द्यौलीको कारण ८५ वर्षीय अकिहितोले २०१९ को अप्रिलमा स्वेच्छाले राजगद्दी आफ्नो पुत्र युवराज नारुहितोलाई प्रदान गर्ने जनाएको थियो।


**कटारी नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**कटारी, उदयपुर**
**प्रदेश नं. १, नेपाल**

**ट्याक्टर र हाइड्रोलिक ट्रलि आपुर्ति सम्वन्धी सिलवन्दी वोलपत्र आव्हानको सूचना**

**(प्रथम पटक प्रकाशित मिति : २०७५/१२/१९**

यस नगरपालिकाको आ.व. ०७५/०७६ को स्वीकृत कार्यक्रम अन्तर्गत तपसिलको हाईड्रोलिक ट्याक्टर, खरिद गर्नपर्ने भएकाले शिलबन्दी दरभाउ-पत्र मार्फत ठेक्का बन्दोबस्त गर्नुपर्ने भएकाले ३० दिने अवधि राखी प्रथम पटकको लागी यो शिलबन्दी दरभाउ-पत्र आव्हनको सूचना प्रकाशित गरिएको छ । देहायका शर्तहरुको अधिनमा रहि शिलबन्दी दरभाउ-पत्र यस कार्यालयबाट खरिद गरी तोकिएको मितिभित्र दर्ता गर्नुहुन सबैको जानकारीको लागी यो सूचना प्रकाशित गरिएको छ ।

**शर्तहरु :**

१. बोलपत्र फाराम खरिद गर्न नविकरण गरिएको फर्म तथा कम्पनी दर्ता प्रमाण पत्र, सवारी साधन लगायतका सामानहरुको कारोवार गर्ने ईजाजत पत्र, आयकर दर्ता प्रमाण पत्र र मुल्य अभिबृद्धि कर दर्ता प्रमाण पत्र, नेपाली नागरिकताको प्रमाण पत्रको प्रमाणित प्रतिलिपीहरु तथा आ.व.०७५/०७६ सम्मको कर चुक्ता प्रमाण पत्रको प्रमाणित प्रतिलिपीहरु प्रथम पटक सूचना प्रकाशित भएको मितिले ३० औं दिन सम्म कार्यालय समय भित्र रु. ३०००।- अक्षरेपी रु. तीन हजार मात्र (फिर्ता नहुने गरी) जम्मा गरेको सक्कलै रसिद निबेदनसाथ संलग्न राखी बोलपत्रदाता स्वयं उपस्थित भई वा निजको आधिकारिक मञ्जुरीनामा सहितको अधिकृत प्रतिनिधीले बोलपत्र खरिद गर्न सक्नेछ ।
२. खरिद गरेको सिलबन्दी बोलपत्र रितपुर्वक भरी प्रथम पटक प्रकाशित भएको मितिले ३१ औं दिनको १२ बजे भित्र यस कार्यालयमा दर्ता गर्नुपर्नेछ । वोलपत्र हुलाक, कुरियर मार्फत पनि तोकिएको स्थानमा निर्धारित समय भित्र दाखिला भएमा मात्र दर्ता गरिनेछ । म्याद भित्र दर्ता हुन आएका सिलबन्दी बोलपत्र फारम सोहि दिनको २ बजे कार्यालयका प्रतिनिधिहरु र बोलपत्रदाता वा निजको प्रतिनिधिहरुको रोहवरमा यस कार्यालयमा खोलिनेछ । सिलबन्दी बोलपत्र बोलपत्रदाता वा निजको प्रतिनिधी उपस्थित नभएमा पनि बोलपत्र खोल्नमा बाधा पर्नेछैन ।
३. सिलबन्दी बोलपत्रमा जमानत वापत कबोल गरेको रकम बैंक जमानत वा यस कटारी न.पा. कार्यालयको नाममा रा.बा.बैंक, कटारीमा रहेको धरौटी खाता नं.: २०५०३०३००७१०२ मा नगद जम्मा गरी सो को सक्कलै बैंक भौचर बोलपत्र साथ पेश गर्नु पर्नेछ वा कम्तिमा १२० दिन म्याद भएको जमानत पत्र (विडवण्ड) सक्कल प्रति पेश गर्नुपर्नेछ ।
४. सिलबन्दी बोलपत्र दर्ता गर्ने, खोल्ने दिन सार्वजनिक बिदा परेको खण्डमा सोको भोलिपल्ट कार्यालय समयभित्र खोलिनेछ ।
५. बोलपत्र स्वीकृत भएको सूचना दिएको १५ दिन भित्र सम्झौता गर्न आउनु पर्नेछ र सम्झौता गर्न आउँदा कबोल अंकको ५ प्रतिशतले हुन आउने रकम बराबरको मान्यता प्राप्त बैंकबाट जमानत पत्र वा उल्लेखित धरौटी खातामा रकम जम्मा गरेको सक्कलै भौचर कार्य सम्पादन जमानत वापत पेश गर्नुपर्नेछ । नगद जमानत राखेकोमा पछि बैक जमानतमा परिणत गर्न पाईनेछैन ।
६. बोलपत्र दाताले कबोल गरेको दर भाउ अंक र अक्षरमा केरमेट नगरी स्पष्ट रुपमा उल्लेख गर्नुपर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखेको दरलाई मान्यता दिईनेछ । केरमेट वा थपघट गर्नुपर्ने भएमा बुझिने गरी सो काटिएको वा थपिएको ठाउँमा आधिकारिक ब्यक्ति को हस्ताक्षर हुनुपर्नेछ ।
७. सिलबन्दी बोलपत्रदाताले बोलपत्र खरिद गर्दा सम्बन्धित कार्यालयको अधिकार प्राप्त अधिकारीको दस्तखत र कार्यालयको छाप लागेको बोलपत्र फारम खरिद गर्नुपर्नेछ । आधिकारिक दस्तखत र कार्यालयको छाप नलागेको बोलपत्र फाराम मान्य हुनेछैन ।
८. रित नपुगेको, म्याद नाघि आएको वा कुनै किसिमको शर्त राखी प्राप्त हुन आएको सिलबन्दी बोलपत्र माथी कुनै कारबाही हुने छैन ।
९. पेश हुन आएका बोलपत्रहरुको आईटमवाईज स्वीकृत गर्ने वा नगर्ने सम्पुर्ण अधिकार यस कार्यालयमा निहित रहनेछ । साथै बोलपत्रमा उल्लेखित भएका औषधिहरुको परिमाणमा थपघट हुन सक्नेछ ।
१०. कार्यालयमा ट्याक्टर र हाइड्रोलिक ट्रलि आपुर्ति गर्दा लाग्ने ढुवानी शुल्क तथा करहरु बोलपत्रदाता स्वंयले ब्यहोर्नु पर्नेछ ।
११. एक बिक्रेताको नाउँमा विकी भएको बोलपत्र अर्को विक्रेताको नाउँमा दाखिला गर्न पाउने छैन ।
१२. यस सूचनामा उल्लेख हुन छुट भएका कुराहरु सार्वजनिक खरिद ऐन, २०६३, सार्वजनिक खरिद नियमावली, २०६४ तथा प्रचलित नेपाल कानुन अनुसार हुनेछ ।
१३. सिलबन्दी बोलपत्र सम्बन्धि अन्य कुरा बुझ्नु परेमा यस कार्यालयमा कार्यालय समय भित्र सम्पर्क राखी बुझ्न सकिनेछ ।

**देहाय**

| सि.नं. | ठे.नं. | ठेक्का विवरण | आवश्यक संख्या | वोलपत्र फारम दस्तुर रु. | जमानत रकम |
|---|---|---|---|---|---|
| १ | | Tractor with Hydraulic Trailer, at least 3 cylinders diesel engine. Should be minimum 50 HP at rated RPM | थान १ (एक) | ३,०००/- | ५१,२५०/- |


## बेल्ट एन्ड रोड फोरममा सय देशको सहभागिता रहने





बेइजिङ, (एजेन्सी)

चीनले अर्को महिना शुरू हुने बेल्ट एन्ड रोड फोरमको कार्यक्रममा १ सय देशको सहभागिता रहने जनाएको छ। सम्मेलनमा ४० देशका सरकार प्रतिनिधिसहित सय देशका प्रतिनिधि मण्डलले सहभागिता जनाउने बताइएको छ।

चीनका राष्ट्रपति सी जिन पिङले सोमाबार दोस्रो बेल्ट एन्ड रोड फोरम फर इन्टरनेसनल कोपरेसनको आयाजना गर्ने घोषणा गरेको हो।

यस सम्मेलनमा सहभागी हुने राष्ट्र तथा सरकार प्रमुखमा रुसका राष्ट्रपति भ्लादिमिर पुटिन र पाकिस्तानका प्रधानमन्त्री इमरान खानलगायत ४० देश सरकारी प्रतिनिधि रहने बताइएको छ। यद्यपि भारतले पुनः एकपटक बेल्ट एन्ड रोड फोरमलाई बहिष्कार गर्ने संकेत दिएको छ। भारतले सन् २०१७ मा आयोजित पहिलो सम्मेलनमा पनि सहभागिता जनाउन अस्वीकार गरेको थियो।

चीनको बेल्ट एन्ड रोड प्रोजेक्टअन्तर्गत निर्माण भइरहेको चीन-पाकिस्तान इकोनोमिक कारिडोर पाकिस्तान अधिकृत जम्मुकास्मिर



भएर गएको छ, जसमा भारतले आपत्ति जनाउँदै आइरहेको छ।

भारतीय राजदूत विक्रम मिसरीले चिनियाँ अखबार ग्लोबल टाइम्सलाई दिएको अन्तरवार्तामा बेल्ट एन्ड रोड परियोजनालाई लिएर भारतले आफ्नो स्पष्ट धारणा राख्दै आएको र अहिले पनि त्यसमा स्थिर रहेको बताए। भारतले यस विषयमा आफ्नो चिन्ता प्रस्ट पारेको र सम्बन्धित पक्षलाई अवगत गराइसकेको उनले बताए।

यसबीच चीनका एक वरिष्ठ अधिकारीले परियोजना फोरममा ४० सरकारका प्रतिनिधिले भाग लिने जानकारी दिएका छन्।

चीनले सन् २०१७ मा फोरमको पहिलो सम्मेलन आयोजना गरी व्यापारिक मार्गको विस्तारबाट समग्र क्षेत्रको विकासका पूर्वाधार तयार गर्ने प्रतिबद्धता व्यक्त गरेको थियो। तर, केही देशले यसलाई सम्पूर्ण देशमा प्रारूप परियोजनामार्फत चीन आफ्नो प्रभाव बढाउन चाहेको आशंका व्यक्त गरिरहेका छन्। यो परियोजनामा चिनियाँ लगानी हुनेछ।

राज्य पार्षद् याङ जेइचीले आयोजक देशका रूपमा चीन सहयोगी देशसँग यस परियोजनाका विषयमा विस्तृत छलफल गर्ने र अहिलेसम्म कति काम भइसकेको हो र बाँकी कामको ब्लुप्रिन्ट के हो भन्ने कुराको जानकारी उनीहरूलाई दिने योजना रहेको बताए।

चिनियाँ राष्ट्रपति सी जिन पिङले ल्याएको यस महत्त्वाकांक्षी योजनामा अमेरिकासहित कयौं देशले चिन्ता व्यक्त गरेका छन्। अमेरिकाले यस परियोजनाका कारण कयौं साना देश ठूलो ऋणको बोझमा दब्न सक्ने आशंका व्यक्त गरेका छन्। अमेरिकाका सहयोगी पश्चिम देशले भने यसलाई तत्काल अस्वीकार गरिहालेको छैन। हालै मात्र जी ७ का सदस्य इटलीले आफू चीनको यस परियोजनामा सहभागी हुने सहमति दिएको छ। यसलाई चीनको ठूलो सफलताका रूपमा लिइएको छ।